# मिक्लाजुङ गाउँपालिकाको संक्षिप्त परिचय

"मिक्लाजुङ"को नामाकरण लिम्बू भाषावाट भएको पाइन्छ । लिम्वु भाषमा "मिक्ला" को अर्थ "मालिङ्गो" हुन्छ । मालिङ्गो भनेको एक प्रकारको लेकाली वास हो । यो घना वाक्लो र अग्लो हुन्छ । "जुङ" (जङ वाट अपभ्रंश भएको भन्ने गरिन्छ) को अर्थ "टुप्पो" हुन्छ । यसरी "मिक्लाजुङ" को अर्थ मालिङ्गो टुप्पो अर्थात वासको टुप्पो भन्ने अर्थ लाग्छ जसलाई टाढा टाढावाट पनि सजिलै देख्न सकिन्छ ।मिक्लाजुङ शव्द प्राकृतिक सम्पदासंग जोडिएको छ । मिक्लाजुङ एक डाँडाको नाम हो । यो हालको गाउँपालिका कार्यालय रवि वजारवाट दक्षिणतर्फ करीव २७०० मिटर उचाइमा छ । पाँचथर, इलाम र मोरङ जिल्लाको साझा शिखरको रुपमा चिनिने यसको मुख्य आकर्षण भनेको खुल्ला मौसम र रमणीय सूर्योदय देखिनु हो । सफा मौसममा पूर्वी नेपालका १० जिल्लाहरु र भारतको विहार र वङ्गाल सम्म यसै क्षेत्रवाट प्रष्टै देख्न सकिन्छ (जिल्ला वस्तुगत विवरण, २०७५) । मुलतः यो क्षेत्र जैविक विविधताको लागि एक राजधानी पनि हो। नेपालका वहुमूल्य जडीवुटी, वन सम्पदा, वन्यजन्तु लगायत पानीका डोवहरु यहाँ पर्याप्त मात्रामा उपलव्ध छन् यो मोरङको रमिते हुँदै चारकोशे झाडीसँग जोडिएको छ। यो ऐतिहासिक पक्षसँग पनि जोडिएको छ । त्यसवेला पाँच पाण्डव महाभारत पहाड यात्रा गर्ने क्रममा यसै स्थानको ठूलो ढुङ्गा माथि चुलो बनाएर खाना पकाई खाएको जनुश्रुती छ र राष्ट्रका १६ औं राष्ट्रिय विभूति महागुरु फाल्गुनन्द गुफा बस्नु भएको स्थल समेत यहाँ सुरक्षित छ । यसरी मिक्लाजुङ डाँडा आफैमा विविध पक्षहरुबाट महत्वपूर्ण रहेकोले यसैको नामवाट गाउँपालिकाको नामाकरण गरिएको हो। नेपाल एकात्मक तथा केन्द्रीकृत शासन व्यवस्थाबाट संघीय लोकतान्त्रिक गणतान्त्रिक मुलुकको रुपमा रुपान्तरित भएको छ । संघीय व्यवस्था अनुसार नेपालमा संघ, सात प्रदेश र **७५३** स्थानीय तहको गठन भएको छ, जसमा पाँचथर जिल्लामा ८ स्थानीय तहको गठन भएको छ । मिक्लाजुङ गाउँपालिका कोशी प्रदेशको पाँचथर जिल्लामा अवस्थित छ ।

### मिक्लाजुङ गाउँपालिकाको विस्तृत विवरण

| क्र. सं. | नयाँ वडा | समावेश गाविस / गाउँपालिका | जनसंख्या २०६८ सालको जनगणनानुसार | जनसंख्या २०७८ सालको जनगणनानुसार | क्षेत्रफल(वर्ग कि.मी.) |
|---|---|---|---|---|---|
| १ | १ | सरङडाँडा(१-४) | २६८७ | २२४५ | १४.७१ |
| २ | २ | सरङडाँडा(५-९) | २८७३ | २६८४ | १९.६८ |
| ३ | ३ | आरुवोटे(१-९) | २६७२ | २९०० | २२.२१ |
| ४ | ४ | रवि(१-९) | ४२०० | ४०९८ | २०.५६ |
| ५ | ५ | कुरुम्बा(१-८) | ३६३७ | ३०३२ | १६.७१ |
| ६ | ६ | कुरुम्वा (९) र लिम्वा(१-३,९) | २१५१ | १५९३ | १६.०१ |
| ७ | ७ | लिम्वा(४-८) | २५०५ | १९०७ | २३.९९ |
| ८ | ८ | दुर्दिम्वा(१-९) | २९९० | १६०२ | ३२.७३ |
| | **जम्मा** | | **२३७१५** | **२१०६१** | **१६६.६** |

## २. मिक्लाजुङ गाउँपालिकाको क्षेत्रफल तथा जनसंख्या

मिक्लाजुङ गाउँपालिकाको वडागत क्षेत्रफल तथा जनसंख्या तलको टेबलमा प्रस्तुत गरिएको छ। मिक्लाजुङ गाउँपालिकाको जम्मा जनसंख्या २१०६१ रहेको देखिन्छ भने लैङ्गित अनुपात ९८.५६% रहेको छ। परिवारको औसत आकार ३.८६ मात्र छ। जनघनत्व सबभन्दा बढी वडा नं. ४ मा रहेको छ भने सबभन्दा कम वडा नं. ६ मा रहेको छ।

| वडा नं. | घर परिवार संख्या | जनसंख्या | | | परिवारको औसत आकार | लैङ्गिक अनुपात | क्षेत्रफल वर्ग कि.मि. | जनघनत्व |
|---|---|---|---|---|---|---|---|---|
| | | कुल | पुरुष | महिला | | | | |
| १ | | २२४५ | ११०७ | ११३८ | | ९७.२८ | १४.७१ | |
| २ | | २६८४ | १३०६ | १३७८ | | ९४.७८ | १९.६८ | |
| ३ | | २९०० | १४३३ | १४६७ | | ९७.६८ | २२.२१ | |
| ४ | | ४०९८ | २०४९ | २०४९ | | १००.०० | २०.५६ | |
| ५ | | ३०३२ | १५०८ | १५२४ | | ९८.९५ | १६.७१ | |
| ६ | | १५९३ | ८१३ | ७८० | | १०४.२३ | १६.०१ | |
| ७ | | १९०७ | ९६० | ९४७ | | १०१.३७ | २३.९९ | |
| ८ | | २६०२ | १२७८ | १३२४ | | ९६.५३ | ३२.७३ | |

## ३. घर परिवार सम्बन्धी विवरण

राष्ट्रिय जनगणना २०७८ अनुसार मिक्लाजुङ गाउँपालिकामा जम्मा २१०६१ जनसंख्या र ५४५९ घर परिवार रहेका छन्। जसको विस्तृत विवरण देहाय बमोजिम रहेको देखिन्छ।

## ४. उमेर तथा लिङ्ग अनुसार जनसंख्याको विवरण

मिक्लाजुङ गाउँपालिकाको जनसंख्या पिरामिड Expansive देखिन्छ। महिलाको जनसंख्या ५०.४% र पुरुषको जनसंख्या ४९.६% रहेको छ। ५० देखि ५९ वर्ष उमेर समूहको जनसंख्या सबैभन्दा बढी रहेको छ।

## ५. जातजातिको विवरण

१० भन्दा बढी जातिको बसोबास रहेको मिक्लाजुङ गाउँपालिकामा याक्थुङ लिम्बु जातिको बाहुल्य रहेको छ भने राई, तामाङ, क्षेत्री, मगर र वान्तवा प्रमुख जातजातिको रुपमा रहेको छ। यस गाउँपालिकामा रहेका मुख्य जातजातिहरुमा याक्थुङ लिम्बु ३८.८०%, राई २१.१०%, तामाङ ११.३०%, क्षेत्री ९.१०%, मगर ६.६%, तामाङ ६.०६%, वान्तवा ४.1%, बिश्वकर्मा ३.१%, पहाडी ब्राह्मण र परियार २.००% र सुनुवार १.८% रहेका छन्।

## ६. मातृभाषाको विवरण

१० भन्दा बढी प्रकारका मातृभाषा यस गाउँपालिकामा बोलिन्छ। याक्थुङ लिम्बु जातिको बाहुल्य रहेको भए तापनि ६२% जनसंख्याको मातृभाषा नेपाली नै रहेको देखिन्छ। यस बाहेक राई, तामाङ प्रमुख मातृभाषाको रुपमा बोलिने देखिन्छ।

**७. शैक्षिक अवस्था**

नेपालको साक्षरता दर ७६.२% रहेकोमा यस गाउँपालिकाको ८२.९% रहेको छ। महिलाको सारक्षता दर (७८.३%) पुरुषको (८८%) भन्दा कम रहेको देखिन्छ। वडागत रुपमा बिश्लेषण गर्दा सबभन्दा बढी साक्षरता दर बजार क्षेत्र रहेको वडा नं. ४ मा र सबभन्दा कम साक्षरता दर वडा नं. ७ मा रहेको देखिन्छ।

**मिक्लाजुङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, रवि, पाँचथरको अन्य विवरण**

मिक्लाजुङ गाउँपालिका कार्यालय पान नं. २०१२७४२५९

मिक्लाजुङ गाउँपालिका कार्यालय SUTRA कोडः-८०१०२५०५३००

मिक्लाजुङ गाउँपालिका IPFMS कोडः- ८०१०१०२०७

मिक्लाजुङ गाउँपालिका कर्मचारी सञ्चय कोष कोडः- ११२५५०२

मिक्लाजुङ गाउँपालिका नागरिक लगानी कोष (विमा तथा वचत वृद्धि):-००१३७२९

मिक्लाजुङ गाउँपालिका कार्यालयको खाता रहेको बैंकः **कृषि विकास बैंक, रवि**

- आन्तरिक राजस्व खाता MIKLAJUNG GA. PA.(GA-1-1)-AANTARIK RA A/C No. 0625101395925112 धरौटी खाता
  MIKLAJUNG GA. PA.(GA-3)-DHARAUTI A/C No. 0625101395925066

  कार्यालयको इमेलः- miklajungrm2073@gmail.com
  कार्यालयको वेभमेलः- info@miklajungmunpanchthar.gov.np
  कार्यालयको सूचना अधिकारीः खगेन्द्र खनाल (९८५२६८४८२८)
  कार्यालयको गुनासो सुन्ने अधिकारीः योगेन्द्र राई (९८५२६८४८२९)

**मिक्लाजुङ गाउँपालिका, रवि पाँचथरमा रहेका संघीय, प्रादेशिक र अन्य कार्यालयहरु**

| क्र.सं. | कार्यालयको नाम | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|
| १ | इलाका प्रशासन कार्यालय, रवि | ९८५२६६२१३३ | |
| २ | इलाका प्रहरी कार्यालय, रवि | ९८५२६८४३०० | |
| ३ | इलाका हुलाक कार्यालय, रवि | ९८४५६१२९३३ | |
| ४ | इलाका वन कार्यालय, रवि | ९८२४७४४४३२ | |
| ५ | विद्युत कार्यालय, (रवि फ्युज) | ९८१६००१३७२ | |
| ६ | नेपाल बैङ्क लिमिटेड, रवि शाखा | ९८५२६५२८१३ | |
| ७ | कृषि विकास बैङ्क लिमिटेड, रवि शाखा | ०२४४१२११४ | |
| ८ | हिमालयन बैङ्क लिमिटेड, रवि शाखा | ९८४००५६५०० | |
| ९ | गोर्खाज फाइनान्स लिमिटेड, रवि शाखा | ९८६६३७८०७८१ | |
| १० | राँके-रवि-भेडेटार सडक आयोजना कार्यालय | ९८५५०२८०८२ | |

**आदरणीय सभा अध्यक्षज्यू,**
**सभाका सदस्यज्यूहरु,**

यस गरिमामय सभामा गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महशुस गरेको छु। वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाई सुझाव दिनु हुने सम्पुर्णलाई हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दछु।

**<u>क. विद्यमान परिवेश</u>**

**क. विकास तथा समृध्दिको लक्ष्य प्रासिका अवसर तथा चुनौती र विद्यमान अवसरहरूः**

१. संविधानमा २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु ।
२. गाउँपालिका भित्र भौगोलिक,धार्मिक,सांस्कृतिक विविधता रहनु ।
३. पूर्वाधारको पहुँच विस्तार हुँदै जानु ।
४. शैक्षिक संस्थाहरुमा न्युनतम भौतिक पुर्वाधार स्थापना हुनुका साथै स्थानीय पाठ्यक्रम तर्जुमा गरी कार्यान्वयनमा रहनु।
५. सबै वडामा स्वास्थ्य संस्था, सबै स्वास्थ्य चौकीमा प्रयोगशाला स्थापना भई नियमित रुपमा स्वास्थ्यसेवा प्रवाह हुँदै आउनु साथै पुर्ण खोपयुक्त पालिका घोषणा हुनु।
६. प्रधानमन्त्री रोजगार कार्यक्रम उत्पादनमूलक रोजगारीको सिर्जना गर्ने कार्यक्रमहरुसँग आवद्ध हुनु।
७. उत्पादनमा आधारित कृषक पुरस्कारबाट कृषकहरु उत्प्रेरित भई कृषिउपजमा उत्मनिर्भरता उन्मुख हुदै जानु।
८. प्रचुर प्राकृतिक सम्पदा एवं मनोरम पर्यटकिय स्थलहरु रहनु।
९. सडक/पुर्वाधार निर्माणमा भएको लगानी सँगै गाउँपालिकामा उत्पादित कृषिजन्य उत्पादनलाइ बजार सम्मको पहुँच स्थापित हुदै जानु ।

**ख. विद्यमान चुनौतीहरूः**

१. एकल अधिकार एवं साझा अधिकारमा उल्लेखित विषयहरुको कार्यान्वयनका लागि आवश्यक ऐन कानूनहरुको तर्जुमा गर्नु।
२. विद्यमान ऐन कानूनहरुको पुर्ण रुपमा परिपालना गरी बढ्दो आर्थिक अनियमितता, अपारदर्शिता तथा बेरुजुको न्युनिकरण गर्दै जानु।
३. सडक सञ्जालहरुको दिगो स्तरोन्नती गरी बाह्रै महिना यातायतको पहुँच सुनिश्चित गर्नु ।
४. १५ शैयाको अस्पतालको निर्माण सम्पन्न गर्नु तथा क्यान्सर, मधुमेह, kidney fail, उच्च रक्तचाप लगायतका रोगीहरुको संख्या घटाउदै जानु।
५. शिक्षालाई वैज्ञानिक, व्यवहारीक, प्रविधिमैत्री, रोजगारमुलक, सीपमूलक बनाई खस्कदो शैक्षिक गुणस्तरलाई उकास्नु।
६. कृषकहरुलाई गुणस्तरीय बीउबिजन, मलखाद समयमा नै उपलब्ध गराउनु ।

७. युवा जनशक्तिलाइ कृषि व्यवसाय प्रति आकर्षित गर्नु ।

८. वैदेशिक रोजगारीबाट फर्केका सीप युक्त युवाको सीप तथा पुँजीलाइ उद्यम विकासमा उपयोग गर्नु।

९. बैज्ञानिक, जलवायु उत्थानशिल तथा व्यवहारीक एवम् उपयुक्त भूउपयोग योजना तर्जुमा गरी लागू गर्नु।

१०. प्राकृतिक स्रोत तथा नदिजन्य पदार्थ (ढुङगा,गिटी, बालुवा) प्रयोगलाई नियमन एवम व्यवस्थापन गरी आन्तरिक आय अभिवृद्धि गर्नु।

**ग. नीति तथा कार्यक्रम तर्जुमाका आधारहरू**

नेपालको संविधान,स्थानीय सरकार सञ्चालन ऐन, २०७४, स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, १६ औं योजनाको आधारपत्र तथा गाँउपालिकाको आवधिक योजना लगायतका दस्तावेजका आधारमा गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएकोछ । संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान एवं वित्तिय हस्तान्तरणको उच्चतम र प्रभावकारी परिचालन एवं उपयोग गर्दै वित्तिय आत्मनिर्भरता कायम गर्न प्रयत्न गरिने छ।

**सभाध्यक्ष महोदय,**

अब म आ. व. २०८२/०८३ को विभिन्न विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

**१. सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रम**

**क. शिक्षा, युवा तथा खेलकुद**

१. यस पालिकामा सञ्चालनमा रहेका सामुदायिक विद्यालयहरुलाई वार्षिक रुपमा दिंइदै आएको विभिन्न अनुदानहरुलाई निरन्तरता दिदै शिक्षक कर्मचारी/लगायतको तलब भत्ता मासिक रुपमा निकासा व्यवस्था गरिनेछ साथै पेशागत विकास र क्षमता अभिवृद्धिका लागि सेवा प्रवेशपुनर्ताजगी लगायतका तालिम सञ्चालन गरिनेछ।

२. निर्माण भई कार्यान्वयनमा रहेको स्थानीय पाठ्यक्रम अनुसार पाठ्यपुस्तक अद्यावधिक गरी शैक्षिक सत्र २०८२ बाट  शुरु भई प्रयोगमा ल्याइनेछ।

३. HUMAN PRACTICE FOUNDATION सँग सम्झौत भई आ.व. २०८२/८३ देखि क्रमशः कार्यान्वयन हुँदै जाने विद्यालयहरुको पुर्वधार विकास तथा गुणस्तरीय शिक्षा कार्यक्रममा पालिकाले व्यहोर्नुपर्ने कुल लागतको  रकम आर्थिक वर्ष (पुर्वधार विकासतर्फ) प्रतिशत 20 208२/०८३ बजेट विनियोजन गरिनेछ।

४. प्रारम्भिक कक्षा सिकाइ Early Grade Learning कक्षा १ देखि ३ सम्मलाई प्रभावकारी, व्यवस्थित र छापामय, बालमैत्री कक्षा व्यवस्थापन गरी सिकाइमा सुधार गरिनेछ ।

५. “मेरो बालबालिकाका लागि गुणस्तरीय शिक्षा, मिक्लाजुङ  गाउँपालकाको इच्छा” भन्ने मूल नारालाई जोड दिइ कर्मचारी, शिक्षक, जनप्रतिनिधि र राजनैतिक नेतृत्व वर्ग र सर्वसाधारणका बालबालिकाहरुलाई सामूदायिक विद्यालयमा नै भर्ना हुन विशेष प्रोत्साहित गरिनेछ ।

**ख. विद्यालयको शैक्षिक गुणस्तर सुधारलाई उच्च प्राथमिकतामा राखी तपसिलका कार्यक्रमहरु गरिनेछन् ।**

१. विद्यालयको शैक्षिक गुणस्तर सुधारका निमित्त शैक्षिक गुणस्तर सुधार योजना तयार गरी लागु गरिनेछ ।

२. विद्यालय भर्ना कार्यक्रम अन्तर्गत भर्ना अभियान मार्फत विद्यालय उमेर समूहका सतप्रतिशत बालबालिकाहरुलाई विद्यालयको पहुँचमा ल्याइनेछ ।

३. विद्यालयहरुको पठनपाठन, अतिरिक्त क्रियाकलाप, परीक्षा लगायतका कार्यहरुमा एकरुपता ल्याउनका निमित्त शैक्षिक क्यालेन्डर तयार गरी लागु गरिनेछ ।

४. विद्यार्थीहरुमा सिकाइ संस्कारको विकास गर्नका निमित्त विद्यालयमा पुस्तकालय, बुक कर्नर एवं अतिरिक्त  अध्ययन सामग्रीहरुको व्यवस्था गरिनेछ ।

५. कार्यसम्पादन एवं गुणस्तर अभिबृद्धिका आधारमा विद्यालयहरुलाई पुरस्कृत गरिनेछ ।

६. सामाजिक अध्ययन विषयमा प्रयोगात्मक ज्ञानका निमित्त शैक्षिक भ्रमणका लागि विद्यालयहरुलाई प्रोत्साहित गरिनेछ ।

७. शैक्षिक क्षेत्रमा भएका असल अभ्यासहरुको अनुसरणका लागि विभिन्न शैक्षिक संस्थाहरुको अवलोकन भ्रमणको ब्यवस्था गरिनेछ ।

**ग. शैक्षिक संस्थाहरुको संस्थागत क्षमता विकास अन्तर्गत तपशिलका कार्यक्रमहरु गरिनेछ ।**

१. शैक्षिक सुशासन प्रवर्द्धन कार्यक्रमहरु, प्र.अ. व्यवस्थापन, विद्यालयको लेखा ब्यवस्थापन, तथ्याङ्क ब्यवस्थापन र कार्यालय व्यवस्थापनका तालिमहरु सञ्चालन गरि ब्यवस्थित गरिनेछ ।

२. आधारभूत तथा माध्यमिक तहका सूचना प्रविधि शिक्षकहरुको क्षमता विकास गरिनेछ ।

३. विद्यालयमा कार्यरत शिक्षकहरुका तहगत / विषयगत सिकाई उपलब्धी बृद्धिका लागि तालिमको ब्यवस्था गरिनेछ ।

४. शैक्षिक सामग्री सप्ताह आयोजना गरेर स्थानीय स्तरमा उपलब्ध हुने मूल्य नपर्ने, न्यून मूल्यका, शिक्षक निर्मित, विद्यार्थी निर्मित, डिजिटल शैक्षिक सामग्री निर्माणमा विद्यालयहरुलाई प्रोत्साहित गरी वर्षभरीका लागि शैक्षिक सामग्री निर्माण गर्न प्रोत्साहित गरिनेछ ।

५. विद्यालय ब्यवस्थापन समिति र शिक्षक अभिभावक संघको क्षमता अभिबृद्धका निमित्त अन्तरक्रिया एवं कार्यशालाहरु संञ्चालन गरिनेछ ।

६. शिक्षकलाई कक्षाकोठामा टिकाउन र सिकाउन अभिप्रेरित गर्ने कार्यमा प्र.अ. को क्षमता विकास गरिनेछ ।

७. वाली विज्ञान प्रयोगशाला कक्ष तथा विद्यालय नर्सिङ सेवा प्रभावकारी रुपमा संचालन गरिने छ ।

**घ. विद्यालयहरुको भौतिक पूर्वाधार विकास अन्तर्गत तपशिलका कार्यक्रमहरु गरिने छन् ।**

१. हरित विद्यालय निर्माणका निमित्त विद्यालयहरुमा विभिन्न सरोकारवाला पक्षहरुको साझेदारीमा विद्यालय बाटिका निर्माण गर्न प्रोत्साहित गरिनेछ ।

२. विद्यालय पहिचान कार्यक्रम अन्तर्गत विद्यालय कलर कोड अनुसार विद्यालयहरुमा रङ्ग रोगन गरी विद्यालयहरुलाई पहिचान योग्य बनाइनेछ ।

३. आधारभूत तथा माध्यमिक सामुदायिक विद्यालयहरुमा विद्युत्तीय हाजिरी जडान गरी दुर अनुगमन (Distance Monitoring) मा जोड दिइनेछ ।

४. प्रत्येक सामुदायिक विद्यालयहरुमा उच्च गतिको इन्टरनेट जडान गरी प्रविधि मैत्री विद्यालय निर्माणमा जोड दिइनेछ ।

५. विभिन्न विषयमा प्रयोगात्मक सीप विकासका लागि प्रयोगशालाहरुको क्षमता अभिबृद्धि गरिनेछ ।

६. बालकक्षा ब्यवस्थापन अन्तर्गत कक्षाकोठा बालमैत्री बनाउनका साथै बालकक्षाका भित्ताहरुमा सिकाइका विषयवस्तुहरु पेन्टिङ गर्ने व्यवस्था मिलाईनेछ ।

**ङ. विद्यालय पोषण, स्वास्थ्य र सरसफाइ**

१. विद्यालयमा बालबालिकाहरुको लागि उपलब्ध दिवाखाजाको ब्यवस्थापन र गुणस्तरका निमित्त नियमित अनुगमन र नियमन गर्ने ब्यवस्था मिलाईनेछ ।

२. विद्यालयहरुमा बालबालिकाका लागि स्वच्छ पिउने पानीको ब्यवस्था गरिनेछ ।

३. विद्यालयमा बालबालिकाको स्वास्थ्य अवस्थाको नियमित चेकजाँच गर्न विद्यालयबाट नजिकका स्वास्थ्य संस्थाहरुको सहकार्यमा विद्यालयमा विद्यार्थीहरुको स्वास्थ्य परीक्षण गर्ने ब्यवस्था मिलाउनका साथै प्राथमिक उपचारका सामग्रीहरु उपलब्ध गराईनेछ ।

**च. विद्यालय विपद् ब्यवस्थापन र जोखिम न्यूनीकरण**

१. विद्यालयमा विपतबाट पुगेको शैक्षिक क्षति परिपुरणका निमित्त स्वअध्ययन सामग्री र उपचारात्मक शिक्षणको ब्यवस्था मिलाईनेछ ।

२. विद्यालयमा विपतबाट पुग्न सक्ने सम्भावित जोखिम अध्ययन गरी सोको निराकरणका लागि सुझाव दिन विद्यालय स्तरीय जोखिम न्यूनिकरण इकाइ निर्माण गरी सुरक्षित विद्यालय निर्माणमा जोड दिइनेछ ।

**छ. विद्यालय खेलकुद र अतिरिक्त क्रियाकलाप**

१. विद्यालय खेलकुद शिक्षकहरुको क्षमता विकास गरिनेछ ।

२. विद्यालयमा अध्ययनरत बालबालिकाहरुको लागि पढाइ लेखाइका अतिरिक्त सर्वाङ्गिण विकासका निमित्त नियमित अतिरिक्त क्रियाकलाप गर्न/गराउन विद्यालयहरुलाई प्रोत्साहित गरिनेछ ।

३. राष्ट्रपति रनिङसिल्ड प्रतियोगिताको सबै खेल विधाहरुमा विद्यार्थी सहभागीता बृद्धि गरिनेछ ।

४. अतिरिक्त क्रियाकलापहरुमा विद्यार्थीहरुलाई भविष्यमा सार्वजनिक क्षेत्रहरुमा प्रवेश सहजिकरण तथा सोमान निर्माण गर्न पालिका स्तरीय हाजिरी जवाफ प्रतियोगिता, गाउँ स्तरीय प्रतिभा पहिचान

कार्यक्रम, शैक्षिक प्रदर्शनी साथै उत्कृष्ठ GPA ल्याउने विद्यार्थीलाई सम्मान तथा प्रोत्साहन जस्ता कार्यक्रमहरु ल्याइनेछ ।

**ज. विद्यालय अनुगमन र मूल्याङ्कन**

१. विद्यालय सुपरीवेक्षण र पेशागत सहायताका निमित्त विशेष व्यवस्था गरिनेछ ।

२. शिक्षण सिकाइ कार्यमा निरन्तर उत्प्रेरणा र पृष्ठपोषण दिन नियमित विद्यालय अनुगमन र विज्ञ सहितको कक्षाकोठा अवलोकन गर्ने व्यवस्था मिलाईने छ ।

३. **"शैक्षिक सुधार कार्यक्रम"** अन्तर्गत विद्यालयहरुको शैक्षिक गुणस्तर सुधार गर्न भौतिक एवं प्राविधिक क्षेत्रको पहुँचका निमित्त कार्यक्रमहरु साथै शिक्षक सम्मान विद्यालय छात्रबृति लागि अक्षय कोष खडा गर्नका साथै उच्च शिक्षा छात्रबृत्तिका कार्यक्रमहरु संचालन गरिनेछ ।

४. शिक्षक दरबन्दी मिलान र व्यवस्थापन गरिने छ ।

५. शिक्षक विद्यार्थी अनुपात र भुगोलका आधारमा दरबन्दी मिलान र दरबन्दी पुनर्वितरण गरिनेछ ।

६. विद्यालयहरुमा शिक्षक दरबन्दी अभाव न्यूनिकरण गर्न गाउँपालिकाबाट विद्यालयहरुलाई दिइदै आएको दरबन्दी र अनुदानलाई आवश्यकताका आधारमा निरन्तरता दिइने छ ।

७. सामुदायिक विद्यालय सञ्चालन अनुदान तथा रवि बहुमुखी क्याम्पसलाई दिइदै आएको अनुदानलाई निरन्तरता दिइनेछ ।

**झ. यूवा तथा खेलकुद विकास**

१. यूवा प्रतिभा प्रस्फुटनका लागि यूवा लक्षित कार्यक्रमहरु ल्याईनेछ ।

२. जिज्ञासु एवं सिर्जनशिल यूवा पाठकहरुका लागि लक्षित गरेर मिक्लाजुङ सार्वजनिक पुस्तकालय/ सिकाई केन्द्र व्यवस्थित गरी सिकाइ संस्कारको विकासमा जोड दिइनेछ ।

३. मिक्लाजुङ गाउँपालिका आधारभूत/ माध्यमिक तह स्तरीय खेलकुद कर्यक्रमहरु सञ्चालन गरिनेछ ।

४. खेलकुद क्षेत्रमा दक्ष खेलाडी उत्पादनका लागि ग्रासरुट कार्यक्रम संञ्चालन गरिनेछ

५. वडा स्तरमा यूवा तथा खेलकुद विकास समितिहरुलाई सक्रिय बनाइनेछ ।

६. यूवा तथा खेलकुद विकासका कार्यक्रमहरु मार्फत मिक्लाजुङ गाउँपालिकालाई खेलकुद क्षेत्रको हव (केन्द्र) बनाउनका साथै समयानुकुल सक्षम, प्रतिस्पर्धी, सिर्जनशिल र नवप्रवर्तनात्मक सोच भएका यूवा जनशक्ति तयार गरिने छ ।

७. गाउँ तथा वडा स्तरका विभिन्न खेलकुद एवं मनोरञ्जनका कार्यक्रमहरु आयोजना गरिनेछ ।

८. गाउँपालिका वाहिर आयोजना हुने विभिन्न खेलकुद प्रतियोगीताहरु र यूवा प्रतिभा कार्यक्रमहरु सहभागी हुन प्रतिस्पर्धीहरुलाई प्रोत्साहित गरिनेछ ।

९. क्षमता अभिवृद्धि कार्यक्रम मार्फत युवा उद्यमशीलता तथा स्वरोजगारीमा अभिवृद्धि गरिनेछ।

१०. वैदेशिक रोजगारीबाट हासिल गरेका दक्षताज्ञान एवं पुँजीलाई सही सदुपयोगका ,अनुभव ,सीप , लागि उपयुक्त वातावरण सृजना गर्दै औद्योगिक व्यवसायिक क्षेत्रमा लगानी गर्न युवाहरुलाई प्रोत्साहित गरिनेछ।

११. खेलकुद विकासका लागि आवश्यक पूर्वाधारहरु विद्यालयवडाहरु र गाउँपालिका स्तरमा ,बस्ती , निर्माण गरी सहभागिता बढाउन उचित वातावरण सृजना गरिनेछ।

१२. राष्ट्रपति रनिङ कप प्रतियोगिता तथा अन्तरपालिका पालिका स्तरीय आमन्त्रित कार्यक्रमहरु संचालन साथै सक्रिय सहभागी जनाइने छ ।

## २. संस्कृति सम्बन्धी नीति तथा कार्यक्रम

१. स्थानीय भाषासंस्कृति र सम्पदालाई पर्यटन विकाससँग जो ,ड्दै यसको प्रवर्द्धन गरिनेछ।

२. भाषासाहित्य तथा संस्कृति संरक्षण कला , सम्बन्धी नीति र कानुन तथा मापदण्डको निर्माण , कार्यान्वयन तथा नियमन गरिनेछ।

३. पुरातात्विक महत्वका बस्तुहरुको संरक्षण गरिनेछ।मठ, मन्दिर, पाटी पौवा र गुठीहरुको संरक्षण र ब्यवस्थापनको कार्यलाई प्राथमिकता दिइनेछ

४. यस पालिकामा लाग्ने मेला, जात्रा पर्वलाई व्यवस्थापन र प्रवर्द्धन गरिनेछ ।

५. सांस्कृतिक परम्परा बमोजिम मनाइने सबै जातजातिका पर्वहरुलाई व्यवस्थित गरिनेछ र गाउँपालिका भित्र रहेका धार्मिक मठ मन्दिर, गुम्वाको अभिलेख तयार गरी आवश्यक मर्मत–सम्भार, सुधार तथा सौन्दर्यकरण गरी धार्मिक पर्यटनका लागि विशेष जोड दिईनेछ ।

६. अल्पसंख्यक जातजाती र भाषाभाषीको भाषा संस्कृति र ललितकलालाई संरक्षण गर्नका लागि विशेष योजना बनाई साँस्कृतिक संग्रहालय निर्माणको पहल गरिनेछ ।

७. समाजका लेखक, कलाकार, साहित्यकार, चित्रकार, कालीगढ तथा स्तम्भकार आदिको राय सुझावको आधारमा कला साहित्य र संस्कृतिको प्रवद्धनको कार्यक्रम तर्जुमा गर्ने कामको थालनी गरिनेछ ।

## ३. लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम

१. सवै प्रकारका विभेदशोषण र उ ,त्पीडनको अन्त्य गर्दै समानता र सामाजिक समावेशिकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गर्दै स्थानीय समुदायको परम्परागत ज्ञान ,सिप , संस्कृतिसामाजिक परम्परा र अनुभवलाई संरक्षण र संव ,भाषा ,र्द्धन गरिनेछ।

२. गर्भवती महिलाहरुको लागि आमा सुरक्षा कार्यक्रम र नवजात शिशुको लागि पोषण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३. महिला उद्यमशीलता विकासका लागि महिलाद्वारा प्रवर्द्धित व्यवसायमा निश्चित प्रतिशत कर छुटको व्यवस्था गरी गाउँपालिकाको बजेट तथा कार्यक्रममा लैङ्गिक परीक्षण गर्ने व्यवस्था मिलाइनेछ।

४. बाल विवाह अन्त्यका लागि किशोरी सशक्तिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

## ४. स्वास्थ्य सम्बन्धी नीति तथा कार्यक्रम

१. आधारभूत र गुणस्तरीय स्वास्थ्य सेवालाई उपयोगी, प्रभावकारी, सर्वसुलभ र सहज पहुँचको सुनिश्चितता गर्दै नागरिकहरुको स्वास्थ्य स्तरमा सुधार गरिने छ ।

२. ५ वर्ष मुनिका बालबालिकाहरुको पूर्ण खोपको सुनिश्चितता र दीगोपनलाई निरन्तरता दिइनेछ ।

३. जेष्ठ नागरिक, विपन्न तथा पछाडि परेका वर्ग, क्षेत्र र समुदायमा स्वास्थ्य सेवाको पहुँच वृद्धि गर्न, गाउँघर क्लिनिकलाई प्रभावकारी बनाईने छ ।

४. अपांगता रोकथाम तथा पुन:स्थापना कार्यक्रलाई निरन्तरता दिदै स्वास्थ्य सम्बन्धित कर्मचारीहरुलाई आवश्यक तालिम तथा प्रोत्साहनको व्यावस्था गरिने छ ।

५. आधारभुत अस्पताल रविबाट फार्मेसी सेवा, आकस्मिक सेवा, सुरक्षित मातृत्व सेवा, परिवार नियोजन सेवा लगायतका सेवाहरुहरु प्रभाबकारी रुपमा संचालन गर्न जनशक्ती, औषधि तथा औजार उपकरणको व्यबस्था गरिनेछ ।

६. आधारभुत अस्पताल रविबाट स्वास्थ्य बीमा कार्यक्रम प्रभाबकारी रुपमा सञ्चालन गरिनेछ ।

७. समुदायमा रहेको नसर्ने (प्रेसर, सुगर र दम) रोगको लागि आवश्यक औषधि व्यबस्था गरिनेछ ।

८. स्वास्थ्य संस्थाहरुमा परिवार नियोजन सेवाको पहुँच बढाउन, आमा सुरक्षा कार्यक्रम सफल बनाउन स्वास्थ्यकर्मीहरुलाई तालिमको व्यबस्था गरिनेछ ।

९. स्वास्थ्य चौकी तथा सामुदायिक स्वास्थ्य इकाइ मापदण्ड अनुरुपको भवन निर्माणको लागि पहल गरिनेछ ।

१०. स्वास्थ्य संस्थाहरुबाट खोप सेवा प्रदान हुने खोप केन्द्र नभएको ठाउँमा खोप केन्द्र भवन निर्माण गरि गुणस्तरीय सेवा प्रदान गरिनेछ ।

११. स्वास्थ्य संस्थाहरुमा आमा सुरक्षा कार्यक्रमलाई प्रभाबकारी बनाइनेछ साथै प्रसुति प्रतिक्षालय सेवा विस्तार गरिनेछ । गोपनियता कायम गर्न स्तनपान कक्ष निर्माण गर्दै लागिने छ ।

१२. गाउँघर क्लिनिक तथा खोप केन्द्रमा खटिने स्वास्थ्यकर्मी तथा कर्मचारीहरुलाई प्रोत्साहित गरिनेछ ।

१३. अपांगता रोकथाम कार्यक्रमहरुलाई अन्तर्गत तालिम सिप क्षमता अभिबृद्धि  गर्नुका साथै उपचार सहयोग र जिविकोपार्जनको लागि अनुदान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१४. पोष्टमार्टम घर निर्माण तथा बेबारिसे लास व्यस्थापन गरिनेछ साथै  घटनामा परी मृत्यु भएकाहरुको लागि निशुल्क लाश ढुवानी गरिने छ ।

१५. आयुर्वेद सेवालाई पनि निरन्तरता दिदै थप सेवा विस्तार गर्दै लगिने छ ।

१६. १६-२३ महिनाका बच्चाहरुलाई तौल अनुगमनका लागि थप योजना बनाउदै लगिने छ ।

१७. सरुवा रोग तथा महामारी रोगहरुको समयमा पहिचान तथा निगरानी गर्दै रोकथाम तथा प्रतिकार समयमा गरिने छ ।

१८. नसर्ने रोग तथा पोषण सम्बन्धी सचेतना कार्यक्रम संचालन गरिने छ ।

१९. वर्थिङ तथा आधारभुत अस्पतालबाट रेफर भई अन्य क्षेत्रमा प्रसुती गर्नु पर्ने अवस्था भएका विपन्न महिलाहरुको प्रसुती सेवाकालागी सहयोग रकमको व्यवस्थालाई निरन्तरता दिईनेछ ।

**५. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता**

१. सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरुको पहिचान तथा नविकरणमा सहजता र पारदर्शिता तथा भत्ता वितरणको कार्यलाइ थप प्रभावकारी बनाउन राष्ट्रिय परिचयपत्र नम्बरको माध्यमबाट बायोमेट्रिक भेरिफिकेशन गर्ने व्यवस्था मिलाईनेछ ।

२. अनलाइन मार्फत व्यक्तिगत घटना दर्ता कार्यलाई अझ व्यवस्थित गरिनेछ ।

३. पञ्जीकरणका कार्यहरुलाई घुम्ति सेवामार्फत टोल टोलमा पुऱ्याउने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

४. पञ्जीकरण अभिलेखलाई सुरक्षित राख्ने व्यवस्था मिलाइनेछ ।

**६. आर्थिक विकास सम्बन्धी नीति तथा कार्यक्रम**

**क. उद्योग तथा पर्यटन सम्बन्धी नीति तथा कार्यक्रम**

१. परम्परागत, मौलिक कला संस्कृतिसंग सम्वन्धित उद्योग व्यवसायहरुको संरक्षण, सम्वर्धन, प्रवर्धन र विकासका लागि गाउँपालिकाले उद्योग वाणिज्य संघ लगायत अन्य सरोकारवालाहरुसंग समन्वय सहकार्य गर्दै आवश्यक नीति तथा कार्यक्रम कार्यान्वयन गर्नेछ।

२. उद्योग व्यवसाय दर्ता, नविकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रकृयालाई अनिवार्य र सूचना प्रविधिमा आधारित बनाइनेछ ।

३. पर्यटन मार्फत आर्थिक समृद्धि हासिल गर्न गाउँपालिकाको पर्यटन गुरुयोजना तर्जुमा गरी सोही आधारमा पर्यटन पूर्वाधार विस्तार र पर्यटन विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

४. आन्तरिक एवं वाह्य पर्यटक वृद्धिका लागि निजी क्षेत्रसंगको सहकार्यमा जोड दिइनेछ।

**७. कृषि तथा पशुपंक्षी सम्बन्धी नीति तथा कार्यक्रम**

१. समग्र कृषि क्षेत्रलाई सम्मानजनक,मर्यादित आकर्षक पेशाको रुपमा विकास गरी कृषिमा प्राविधिक तथा व्यवसायिक शिक्षालाई प्राथमिकता दिई योग्य र दक्ष कृषक मार्फत आधुनिक कृषि प्रणालीको प्रवर्द्धन गरिनेछ।

२. कृषि क्षेत्रमा लागेका सम्पुर्ण कृषकहरुको स्तर साना), मझौला र ठुला( निर्धारण गरी कृषक परिचयपत्र वितरण र आवधिक कार्यक्रम लागु गरिने छ ।

३. उत्पादनमा आधारित कृषक पुरस्कारलाई समय सापेक्ष परिमार्जन गर्दै कृषि उपजको गुणात्मक एवं परिमाणात्मक उत्पादन तथा उत्पादकत्व अभिवृद्धिका लागि प्राङगारिक मलखाद उत्पादनमा अनुदान (कृषक प्रोत्साहन अनुदान) कार्यक्रम सञ्चालनलाई निरन्तरता गरिनेछ।

४. परम्परागत कृषि पेशालाई व्यवसायिक कृषि तर्फ विकसित गर्न क्षमता अभिबृद्धि तालिम कार्यक्रम, कृषि यान्त्रिकरण, प्रविधि हस्तान्तरणलाई प्रोत्साहन गर्ने नीति ल्याइनेछ ।

५. तरकारी अन्नबाली, फलफूल खेतीको प्रवर्द्धन गर्दै जडीबुटी, अलैंची, चिया तथा कफि जस्ता नगदेबालीको उत्पादन क्षेत्र बिस्तार गर्न कृषकलाई प्रोत्साहन गरिनेछ । फलफूल उत्पादनको पकेट क्षेत्र बढाउन फलफूलका बिरुवा उत्पादन तथा वितरण कार्यक्रम ल्याइनेछ ।

६. कृषियोग्य जमिनबाट माटोको परीक्षण गरी अम्लिय माटो सुधारका लागि कृषि चुन वितरण गर्ने कार्यक्रम ल्याइनेछ।

७. कृषकहरुको क्षमता विकास गर्न विशेष तालिम तथा कृषक अवलोकन भ्रमण कार्यक्रम सञ्चालन गरिनेछ ।

८. रासायनिक मल कृषकलाई सहज रुपमा उपलब्ध गराउदै किटनाशक विषादीको प्रयोगलाई कम गर्न प्राङ्गारिक र जैविक मलको प्रयोगलाई बढावा दिन आइ.पि.एम. प्रणाली अबलम्बल गरिनेछ ।

९. उत्पादन साथमा अनुदान हातमा नारा सहित उत्पादनमा आधारित कार्यक्रमलाई विशेष जोड दिइनेछ ।

१०. कृषि क्षेत्रको उत्पादन बृद्धिमा जोड दिंदै गाउँपालिकाको उत्पादन उपभोग गरौं, गाउँपालिका क्षेत्र उत्पादनलाई प्रोत्साहन गरौं अभियान सञ्चालन गरिनेछ ।

११. कृषि बजारको व्यवस्थापन गर्दै परम्परागत खेती तथा रैथाने बालीको संरक्षणमा प्राथमिकता दिई स्थानीय बालीको बिउबिजन संरक्षण गरिनेछ ।

**८. पशु सेवा तथा पशुपंक्षी पालनः**

१. Four pillars of livestock sector, दुध, फलफुल, मासु र अण्डा वाट नगरलाई आत्मनिर्भर बनाई बजार व्यवस्थापनलाई प्राथमिकतामा दिने नीति अबलम्बन गरिनेछ ।

२. कृषक तथा पशु स्वास्थ्य सेवा प्राविधिकहरुको क्षमता अभिवृद्ध गरी पशुसवास्थ्य सेवालाई सुदृढीकरण गर्ने र परजिवी नियन्त्रणका लागि औसधि उपचारको व्यबस्था गरिनेछ ।

३. कृषकहरुलाई अध्ययन अवलोकन भ्रमण गराई ज्ञान र सीपको अभिबृद्धि गरी कृषि पेशालाई सम्मनीत, मर्यादित र कृषकलाई आत्मनिर्भर बनाई कृषिमा आश्रित जनताको जीवनस्तर सुधार गरिनेछ ।

४. राष्ट्रिय नीति अनुरुप कृषि खेती विमा र पशु विमा कार्यक्रमलाई प्रोत्साहित गरि कृषि व्यवसाय प्रवर्द्धनका लागी युवालाई आकर्षित गर्ने खालका कार्यक्रमहरु संचालन गरि युवाहरुलाई विदेश जानबाट निरुत्साहित गरिने छ ।

५. पशुपंन्छी तथा मत्स्यको संक्रामक ,माहामारी रोग पहिचान, उपचार र नियन्त्रणमा विशेष जोड दिईने छ,पशु स्वास्थ्य व्यावस्थापनको लागि पशु पंन्छीका रोगहरु विरुद्ध खोप कार्यक्रम तथा पशुु चिकित्सक सहितको पशु स्वास्थ्य सेवा सिविर संचालन गर्ने र प्रयोगशाला सेवाको सुदृढ गरिनेछ ।

६. पशु नश्ल सुधारको लागी प्राकृतिक तथा कृतिम गर्भाधान कार्यक्रमलाई निरन्तरता दिईनेछ

७. कृषि उत्पादनमा व्यावसायीकरण, विविधिकरण,आधुनिकिकरण, यान्त्रीकरण तथा बजारीकरणलाई बिशेष जोड दिदै सामुहिक खेती प्रणाली , सामुहिक पशुपालनको विकास गरी व्यवसायिक कृषक तथा फर्महरुलाई प्रोत्साहन गरी कृषि क्षेत्रलाई आत्मनिर्भर र मर्यादित बनाउने निति अवलम्वन गरिने छ ।

८. किसानहरुबाट सहाकारी मार्फत दुध संकलन गरी प्रशोधन केन्द्रको स्थापना गर्ने र पशुपालान तर्फ युवा किसानहरुलाई आकर्षित गर्ने नीति लिइनेछ ।

९. गाउँपालिकाक्षेत्रमा भएका सामुदायीक कुकुरहुरलाई खोप तथा बन्धयाकरण सेवा उपलब्ध गराईनेछ ।

१०. जुनोटिक रोगहरुको बारेमा जनचेतनामुलक कार्यक्रम लाई अगाडि बढाइने छ ।

११. पशु आहाराका लागी घाँस खेती कार्यक्रम,घाँस श्रोत केन्द्र,डाले घाँस नर्सरी कार्यक्रमलाई जोडदिने छ ।

१२. एक वडा एक पशु सेवा प्राविधिकहरुको व्यवस्थाको लागि जोड दिईने छ ।

१३. माछा पालन व्यवसायलाई प्रोत्साहित गरी सो सम्बन्धी सेवा तथा सहयोग उपलब्ध गराईनेछ ।

१४. बाख्रा श्रोत केन्द्र विकासको लागि जोड दिईदै पशु पंन्छी तथा मत्स्य पालन पकेट कार्यक्रम संचालन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

## ९. सहकारी सम्बन्धी नीति तथा कार्यक्रम

१. सहकारी संस्थाहरुको संस्थागत सुशासन प्रवर्द्धन गर्दै निच्छेपकर्ताहरुको हित संरक्षणका लागि अनुगमनलाई प्रभावकारी तुल्याइनेछ।

२. गाउँपालिका भित्र स्थापना हुने कृषि समूह निजी फर्म र सहकारीहरुको दर्ता तथा कार्य क्षेत्र अनुमति दिने जस्ता विषयहरुलाई व्यवस्थित ढंगले अघि बढाइनेछ।

३. सहकारीहरुको माध्यमबाट उत्पादनशिल क्रियाकलापमा संलग्न नागरिकहरुको पूँजि संकलन तथा परिचालन गरी साना तथा स्वरोजगारीका अवसर श्रृजना गरी गरिबी न्यूनिकरण गर्ने योजनालाई निरन्तरता दिइनेछ।

४. कृषि लगायत विषयगत सहकारीलाइ सो क्षेत्रमा केन्द्रित भै लगानी गर्ने नीति अवलम्वन गरिनेछ।

५. स्थानीय साधन, श्रोत, सीप र रोजगार प्रवद्र्धन हुने क्षेत्र एवं महिला समूहद्वारा सञ्चालित उद्योग व्यवसायहरुमा लगानी गर्न नीतिगत व्यवस्था, सामुहिक जमानीमा कर्जा व्यवस्था, कर्जा लिने प्रक्रियालाई सहज र ऋण सुविधामा पहुँच वृद्धि गरिनेछ ।

## १०. रोजगारी र उद्यमशिलता सम्बन्धी नीति तथा कार्यक्रम

१. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई सीपयुक्त दक्ष जनशक्ति, रोजगारीको क्षेत्र र रोजगार सम्बन्धी अन्य कार्यक्रमहरुसँग आबद्द गरी उत्पादन मूलक रोजगारी सिर्जना गर्ने बेरोजगार लक्षित अभियानको रुपमा कार्यान्वयन गरिनेछ ।

२. सूचीकृत भएका बेरोजगार व्यक्तिलाई न्युनतम रोजगारीको प्रत्याभूती गर्नका लागि कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन गरी श्रममुलक आयोजना मार्फत समूदायको विकास सँगै सामाजिक संरक्षणको प्रत्याभूती गराइनेछ ।

३. रोजगार सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापनलाई थप प्रभावकारी बनाउदै विद्यमान बेरोजगारी दर कम गर्नका लागि यस स्थानीय तहका बेरोजगार व्यक्तिहरुलाई रोजगारी प्रदान गर्नका लागि आवेदन आह्वान गरी रोजगार सेवा केन्द्र मार्फत NEMIS System मा सूचिकृत गरिनेछ।

४. स्थानीय तहको आफ्नै रोजागर रणनीति तयार गरि कार्यान्वयन गरिनेछ ।

**११. सूचना प्रविधि तथा संचार सम्बन्धी नीति तथा कार्यक्रम**

१. गाउँपालिका तथा वडा कार्यालयहरुको सूचना संप्रेषणका लागि गाउँ कार्यपालिकाको कार्यालयमा सूचना अधिकारी तथा सहायक सूचना अधिकारी एवं गाउँ कार्यपालिकाको प्रवक्ताको व्यवस्थालाई निरन्तरता दिदै वडा कार्यालयमा पनि वडा समितिको १ जना सदस्यलाई प्रवक्ता र वडा सचिवलाई सूचना अधिकारी तोक्ने व्यवस्था मिलाइनेछ ।

२. गाउँ कार्यपालिकामा छुट्टै शाखाको रुपमा रहने गरी सूचना अभिलेख केन्द्रको व्यवस्था गरिनेछ । जहाँ गाउँपालिकासँग सम्बन्धित सूचना तथा अभिलेख र खोज अनुसन्धानका स्रोत सामाग्रीहरुलाई संग्रहको रुपमा व्यवस्थापन गरिनेछ ।

३. प्रत्येक वडा कार्यालयमा टेलिफोन सहित इमेल, इन्टरनेटको सहज व्यवस्थापन गरी कामलाई व्यवस्थित तथा छिटो गर्न इन्टरनेट सेवा प्रदायकसँगको समन्वयमा. फाइबर सहितको गुणस्तर इन्टरनेट सेवाको व्यवस्थापन गरिनेछ ।

४. सरकार र नागरिक (G2C) का विचमा आदान प्रदान गरिने सेवा सुविधाहरु, सरकार र व्यवसायी (G2B) बिचका सेवाहरु र सरकार र सरकार (G2G) बीचका सेवाहरुको प्रवाह र सञ्चालनमा सूचना प्रविधिको प्रयोगमा जोड दिइनेछ ।

५. गाउँपालिकाको वेभसाइट अद्यावधिक गर्ने, डिजिटल सूचना पाटी राख्ने र गाउँपालिका मातहतका सबै वडा कार्यालय, स्वास्थ्य संस्था तथा सामुदायिक माध्यमिक विद्यालयमा इ-हाजिरी प्रणाली अभिलेखबाट गाउँ कार्यपालिकाबाटै दुर अनुगमनको व्यवस्था मिलाउदै लगिनेछ ।

६. सेवाग्राहीले तिरेको बिलको रकम सम्बन्धित व्यक्तिको मोवाइलमा Message जाने व्यवस्थाको शुरुवात गरिनेछ ।

७. सामुहिक एस. एम. एस. प्रणालीको उपयोग, गाउँपालिकाको फेसबुक पेज र वेभसाइटमा गाउँपालिकाको गतिविधि र सूचनाहरु अद्यावधिक गरिनेछ ।

८. गाउँपालिकालाई प्रविधिमैत्री बनाउन आवश्यक र उपयुक्त सफ्टवेयरहरु जडान गरी दैनिक प्रशासकीय कार्यलाई छिटो छरितो र सहज बनाइ विद्युतिय सुशासन कायम गरिनेछ ।

९. वेभ प्रणालीमा आधारित गाउँ प्रोफायल तर्जुमा गरिनेछ ।

१०. मिक्लाजुङ गाउँपालिकाकाका पर्यटकीय स्थल, धार्मिक मठ मन्दिर र ऐतिहासिक धरोहर स्थलमा डिजिटल ट्रेश रुट सहितको नक्शांकन गर्ने व्यवस्था मिलाइनेछ ।

**१२. न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन सम्बन्धी नीति तथा कार्यक्रम**

१. न्यायिक समितिको अधिकार क्षेत्र भित्र न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानूनहरुको प्रबन्ध गरी न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।

२. मानव अधिकारको सम्मानसम्बर्द्धन र प्रवर्द्धनका लागि आवश्यक नीति तथा कानून ,संरक्षण , तर्जुमा गरी प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ।

३. वडास्तरीय मेलमिलाप केन्द्र स्थापना तथा मेलमिलाप कर्ताहरुको छनौट तथा आधारभुत तालिमको व्यवस्था गरिनेछ ।

**१३. सुशासन सार्वजनिक सेवा तथा क्षमता विकास सम्बन्धी नीति तथा कार्यक्रम**

१. आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकी बक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी असुल उपर एवम् फछ्यौट गर्ने तथा कानून परिपालनामा जोड दिइनेछ ।

२. तालिम, तथा अभिमुखीकरणवाट गाउँपालिकाका जनप्रतिनिधि एवं कर्मचारीहरुको क्षमता अभिवृद्धि गरी निर्णय प्रक्रिया र सेवा प्रवाहमा प्रभावकारीता ल्याइनेछ ।

३. गाउँपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवा र विकास कार्यलाई प्रभावकारी बनाउन प्रत्येक वडा कार्यालयहरु र सार्वजनिक स्थानहरुमा गाउँपालिकाको तर्फबाट सुझाव पेटिकाहरु राखिने छ ।

४. आधारभुत वस्तु तथा सेवाको सहज आपूर्ति र गुणस्तर कायम गर्न नियमित रुपमा बजार अनुगमन गर्ने र यस्तो अनुगमनमा उपभोक्ताहरुलाई समेत संलग्न गराइनेछ।

५. सार्वजनिक खर्चलाई मितव्ययी र अनावश्यक खर्चलाई कटौती गरी आर्थिक सुशासन तथा पारदर्शिता कायमलाई बढोत्तरीको व्यवस्था मिलाइने छ।

६. सम्भव भएजति गाउँपालिकाको काम कारवाही एवं सेवा प्रवाहलाई अनलाइन तथा आइसिटि मार्फत गर्ने/गराउने व्यवस्था मिलाई सेवा प्रवाहलाई प्रभावकारी बनाइनेछ ।

७. सम्पूर्ण वडाको आफ्नै प्रशासनिक भवनबाट सेवा प्रवाहको ब्यवस्था मिलाइनेछ।

८. गाउँपालिका तथा वडा कार्यालयबाट सम्पादन हुने दैनिक तथा सामान्य सेवा सञ्चालनका लागि आवश्यक पर्ने कागजातहरु, सम्पर्क व्यक्ति, लाग्ने राजस्व रकम र गुनासो सुन्ने अधिकारीको समेत स्पष्ट देखिने गरी सेवाग्राहीको लागि नागरिक वडापत्र राखिनेछ ।

९. नागरिक वडापत्रमा लेखिएका सेवा सुविधा काबु बाहिरको परिस्थितिमा वाहेक तोकिए बमोजिम उपलव्ध गराइनेछ ।

१०. सेवा सहजीकरणका लागि डिजिटल नोटिस बोर्ड, मोवाइल एप, सहायता कक्ष, गाउँपालिकाको वेभसाइट आदि व्यवस्थित र अद्यावधिक गरिनेछ ।

११. गाउँपालिकाबाट प्रवाह गर्ने सेवाहरु सम्बन्धी सार्वजनिक सुनुवाई कार्यक्रम चौमासिक रुपमा सञ्चालन गरिनेछ ।

१२. विद्युतीय अवरोध भएको समयमा समेत सेवाग्राहीहरुलाई सेवा प्रदान गर्नका लागि सोलार एवं इन्भर्टर जडान गरी सेवा प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।

१३. सेवाग्राहीको गुनासो सुन्ने र सल्लाह सुझाव लिने प्रणालीलाई थप व्यवस्थित गर्न गुनासो सुन्ने अधिकारी तोकी व्यवस्थित गरिनेछ ।

**मानव संसाधन विकास**

१. जनप्रतिनिधि, कर्मचारीको क्षमता विकासका लागि विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ ।

२. गाउँपालिकाको प्रशासनिक तथा सांगठनिक संरचना र संस्थागत प्रणालीलाई चुस्त दुरुस्त विश्वसनीय, क्षमतायुक्त र प्रभावकारी बनाउदै लागिनेछ ।

३. गाउँपालिका तथा वडा स्तरीय योजनाहरु अनुगमनका लागि तालिम तथा कार्ययोजना सहितको नतिजामूलक अनुगमन प्रणाली अवलम्बन गरिनेछ ।

४. राजस्व तथा प्रशासन शाखालाई व्यवस्थित गरी कर्मचारीहरुलाई आवश्यकता अनुसारको तालिम दिई सरल र सहज किसिमले राजस्व संकलन गरिनेछ ।

५. वातावरण तथा विपद् व्यवस्थापन शाखाका प्राविधिक कर्मचारीहरुलाई आवश्यकता अनुसारका यन्त्र औजारहरु खरिद गरी तालिम प्रदान गरिनेछ ।

६. सामाजिक आर्थिक तथा समुदाय परिचालनका लागि आवश्यकता अनुसार क्षमता अभिवृद्धि कार्यक्रमहरु संचालनमा ल्याइनेछ ।

**सुरक्षा व्यवस्थापन तथा नगर प्रहरी**

१. गाउँपालिका कार्यालयको सुरक्षा व्यवस्थापनको लागि गाउँपालिका भित्र सबै शाखा उपशाखाहरुमा, रवि बजार क्षेत्रमा सिसि क्यामरा व्यवस्थापन गरिनेछ ।

२. आन्तरिक श्रोत सुदृढ गरी नगर प्रहरीको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

३. गाउँपालिकाको सामाजिक सुरक्षा व्यवस्थापनका लागि कार्यविधि तर्जुमा गरी नगर प्रहरीको व्यवस्था गरिनेछ ।

**स्थानीय तथ्याङ्क संकलन र अभिलेख व्यवस्थापन**

१. गाउँपालिकाको विभिन्न प्रयोजनकालागि आवश्यक पर्ने तथ्याङ्कहरु संकलन गरि अद्यावधिक गरिनेछ अध्यावधिक तत्थ्याङकहरुलाई सूचना केन्द्रमा .व्यवस्थित गरि राखिनेछ ।

२. गाउँपालिका भित्रका सवै घरधुरीको विस्तृत रुपमा तथ्याङ्क राखिनेछ ।

१. गाउँपालिका भित्रका सवै उद्योग व्यवसाय, संघ संस्था, मठ मन्दिर, गुम्वा र धार्मिक पर्यटकीय स्थलहरुको रुट सहितको अभिलेख व्यवस्थित गरिने छ ।

२. सार्वजनिक जग्गा, मठ मन्दिरहरु, दाहसंस्कार गरिने क्षेत्रहरु, पोखरी, गल्ली आदि तथ्याङ्क संकलन र अद्यावधिक गरी सार्वजनिक सम्पत्तिको संरक्षण गरिनेछ ।

**सुशासन प्रवद्धन तथा सेवा प्रवाह**

१. जनताको समस्यालाई टोल बस्ती तहमा नै पुगी जनतालाई सेवा प्रदान गर्ने तथा जनताको गुनासो व्यवस्थापनका लागि एकिकृत घुम्ती सेवा कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

३. जनतालाई सम्मान र सेवा सुशासनलाई टेवा भन्ने नाराका साथ जनतामैत्री सार्वजनिक सेवा प्रवाहलाई जोड दिइनेछ ।

४. गाउँपालिकलाई सुशाशन कायम राख्न भ्रष्टचारमा शून्य शहनशीलताको नीतितलाई अंगीकार गरिनेछ ।

५. गुनासो सुनुवाई, सूचना पाउने अधिकारको संरक्षण र सार्वजनिक सुनुवाईलाई विशेष प्राथमिकतामा राखिनेछ

६. गाउँपालिकाकाको काम कारवाही र सूचनाहरु वेभसाइट, सूचनापाटी, पत्र पत्रिका, रेडियो कार्यक्रम, मोवाइल एप तथा सामाजिक सञ्जालमा समेत सार्वजनिक गरिनेछ ।

७. प्रविधि मैत्री गाउँपालिकको रुपमा परिचित गर्न गाउँपालिका तथा वडा कार्यालयका सबै कामहरु विद्युतिय माध्यमबाट सञ्चालन गरी पेपर लेस सेवामा जोड दिइनेछ ।

८. गाउँ वडा स्तरीय योजनाको अन्तिम फरफारक जेष्ठ मसान्त भन्दा पछि गरिने छैन । तर वडा अध्यक्षले विशेष कारण सहित निवेदन आएमा पालिका अध्यक्षले म्याद थप गर्न सकिने व्यवस्था आवलम्बल गरिनेछ ।

९. जनतालाई सुशासनको अनुभुती दिलाउन ढिला, सुस्ति र झन्झट रहित सेवा प्राप्त गर्ने व्यवस्था मिलाउन मिक्लाजुङ गाउँपालिका स्थित सेवा प्रदायक निकाय संघ सस्थासँग आवश्यकता अनुसार समिक्षात्मक वैठक गरी समस्याका बारेमा जानकारी लिने नीति लिइनेछ साथै सेवा प्रदायक सबै निकाय तथा संघ सस्थाहरुमा गुनासो पेटीका राख्ने व्यवस्था गरिनेछ ।

१०. सार्वजनिक खरिद प्रक्रियालाई व्यवस्थित गर्न नगरसँग कर बक्यौता बेरुजु बाँकी रहेका फर्म तथा कम्पनीलाई निरुत्साहित गर्ने नीति लिइनेछ ।

१२. खाद्य तथा पोषण सुरक्षा सम्बन्धी सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

**१४. वन, वातावारण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम**

**क. खानेपानी तथा सरसफाई**

१. पानी मुहानहरुको संरक्षण र दीगो उपभोगका लागि लाभान्वित समुदायको सहभागितामा खानेपानी उपभोक्ता समिति बनाई समितिको पहलमा मुहान तथा पानी श्रोत क्षेत्रमा वृक्षारोपण एवं पानी वितरणको व्यवस्था मिलाइनेछ ।

२. स्थानीयहरुको सहभागितामा स्यानेटेरी ल्यान्डफिल साइडलाई व्यवस्थित गरी सम्भावित रोग महामारीको नियन्त्रण गर्दै स्थानीयहरुलाई सुरक्षित राखिनेछ ।

३. सार्वजनिक स्थलहरुमा डष्टपिन राखी फोहोरमैला सङ्कलनलाई व्यवस्थित गरिनेछ ।

४. विभिन्न खोला नदी तथा अन्य स्रोतबाट ,खानेपानीलाई आपूर्ति गर्ने व्यवस्थाको लागि प्राविधिक सम्भाव्यता अध्ययन गरी संघ सरकार र प्रदेश सरकारको सहकार्यमा निर्माण कार्य अघि बढाइनेछ।

५. प्लाष्टिक जन्य फोहोर नियन्त्रण तथा न्यूनिकरण गर्न प्लाष्टिकजन्य सामग्रीहरुको प्रयोगलाई निरुत्साहित गरिने छ।

**ख. फोहोरमैला व्यवस्थापन**

१. जनचेतनामूलक अभिमुखीकरण कार्यक्रम एवं तालिम कार्यक्रम मार्फत फोहोर व्यवस्थापनमा स्थानीय सहभागिता सुनिश्चित गरिनेछ ।

२. फोहोर व्यवस्थापन केन्द्र पहिचान, प्राप्ति र विकास गरी व्यवस्थित बनाउन पर्यटकीय क्षेत्रका रुपमा विकास गर्न गुरु योजना तयार गरिनेछ ।

३. ल्याण्डफिल्ड साइड अझै व्यवस्थित गर्दै लगिनेछ।

४. घर घरवाट फोहोर उठाउँदा सुरु मै अनिवार्य रुपमा कुहिने र नकुहिने फोहर वर्गीकरण गरि अलग अलग रुपमा संकलन तथा व्यवस्थापन कार्यलाई प्राथमिकीकरण गरि फोहोर मैला ब्यवस्थापन ऐनको आधारमा जथाभावी फोहोर गर्नेलाई दण्ड जरिवाना समेतको नीतिलाई निरन्नतरता दिईने छ ।

५. आवश्यकता अनुसार नगरक्षेत्रका ढल तथा नाली सफाई गर्ने कार्य समय समयमा गरिनेछ ।

**ग. वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन**

१. जलवायु परिवर्तनको प्रतिकूल प्रभावहरूलाइ अनुकूलन गर्न गाउँपालिकाको क्षमता वढाउने पूर्वाधार आयोजनाहरुको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरुले वातावरणमा पार्ने असर न्यूनिकरणको लागि प्रारम्भिक वातावरणिय परिक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन गरिनेछ।

२. खाली जग्गामा वृक्षारोपण, हरियाली प्रवर्ध्दन तथा वनको संरक्षण र हैसियतमा सुधार गरी जल,जमीन तथा वातावरणको संरक्षण र जीविकोपार्जनको अवसरमा वृध्दि गरिनेछ ।

३. बन पैदावरमा आधारित जडीवुटीहरुको व्यवसायिक खेती तथा उद्यमशीलता बिकास गर्दै सहकारी संस्थाका सदस्यहरुको क्षमता अभिवृद्धि गरिनेछ ।

४. नदी उकास जमिन, खेती नहुने भूभाग, ताल तलैया तथा पानी श्रोत भएका खुल्ला क्षेत्रहरुमा कृषिवनको व्यवसायिक विकासका लागि महिला—, विपन्न एवं दलितलाई प्रोत्साहित गरिनेछ ।

५. विपद जोखिम न्यूनीकरण र ब्यवस्थापन तथा जलवायु उत्थानशील योजना तर्जुमा विपद सम्भाव्य उच्च जोखिमा रहेका वस्तीहरुको तथ्याँक संकलन गरी सो अनुसार विपद पुर्व तयारी, विपद न्यूनीकरण, प्रतिकार्य र पुनर्स्थापनाको कार्यलाइ ब्यवस्थित र प्रभावकारी वनाइनेछ ।

६. ढुंगा गिट्टि बालुवा जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृतिक श्रोतहरुको अनाधिकृत एवं अवैज्ञानिक दोहनलाई नियन्त्रण गर्दै गाँउपालिकाको आन्तरिक राजश्वमा आवद्ध गर्दै लगिनेछ।

७. भूक्षय तथा वाढी पहिरो प्रभावित क्षेत्रहरुको नक्साङ्कन गरी त्यस्ता क्षेत्रहरु—का मानव वसोवासका लाई प्रतिस्थापन गर्ने नीति लिइनेछ।

८. वन संरक्षण र उपयोग लाई बैज्ञानिककरण गर्नका लागि वन संरक्षण र उपयोग नीति निर्माण गरी कार्यन्वयन गरिनेछ।

**घ. वन तथा भू- संरक्षण**

१. वन क्षेत्रमा कार्यरत निकायहरुसँगको सहकार्यमा बृक्षारोपण, वन संरक्षण कार्य गरिनेछ ।

२. व्यक्ति वा संस्थाको निजी जग्गामा नर्सरी गरी वृक्षरोपण गर्न प्रोत्साहन गरिनेछ ।

२. सामुदायिक वन विकास कार्यक्रमलाई आवश्यक सहयोग गरिनेछ ।

३. गाउँपालिकामा रहेका सवै सामुदायिक वनहरुमा वन जगेर्ना तथा घाँस जडिबुटी जन्य प्रजातीका वृक्षरोपण कार्यक्रम संचालन गरिनेछ ।

४. सामुदायिक वन उपभोक्ता समितिको साझेदारीमा ठुला वनहरुको (EIA) कार्य गर्न आवश्यक पहल गरिनेछ ।

५. सामुदायिक वनहरुको नक्सा एकिन गरि वन क्षेत्रको सीमाङ्कन गरिनेछ ।

६. अविरल बर्षाका कारण सभा खोला, हेवा खोला र पिलुवा खोलमा भएको बगर कटानलाई

७. नियन्त्रण गर्न सङ्घ र प्रदेश सरकारसँग समन्वय गरी तटबन्धन निर्माण गरिनेछ ।

८. मिक्लाजुङ गाउँपालिकाको भूउपयोग योजना तर्जुमा गरि लागु गरिनेछ ।

**१५. भौतिक पूर्वाधार विकास (शहरी योजना, वस्ति विकास, आवास तथा पूर्वाधार) सम्बन्धी नीति तथा कार्यक्रम**

**क. सडक, आवास तथा योजन,यातायात**

१. सिंचाइ, पर्यटन, उद्योग व्यवसायलाई सहयोग पुग्ने एवं कृषि, शिक्षा तथा स्वास्थ्य सेवामा पहुँच अभिबृद्धि हुनेगरी सडकको निर्माण एवं स्तरोन्नति गरिनेछ ।

२. सडक तथा भौतिक संरचना संरक्षणप्रति स्थानीयहरुलाई सचेत गराउदै वस्ती वस्तीमा समितिहरु गठन गरी मर्मत सम्भारको जिम्मेवारी दिइने छ ।

३. भवन निर्माण आचार संहिता, घर अभिलेखिकरण तथा घरनक्सा पास सम्बन्धी न्यूनतम मापदण्ड / कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याइनेछ।

४. गाउँपालिकाको लगानीबाट निर्माण सुधार हुने सडकहरुको चौडाई नेपाल सरकारले तोकेको मापदण्ड, बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभुत मापदण्ड अनुसार निर्माण गर्ने व्यवस्था कायम राखिनेछ ।

५. नयाँ ट्राक खोल्ने कार्यलाई निरुत्साहित गरी भइरहेका सडकको सुधार तथा स्तरबृद्धिलाई जोड दिइनेछ ।

६. निर्माण शुरु भई सम्पन्न हुन नसकेका सडक योजनाहरुलाई प्राथमिकतामा राखी सम्पन्न गर्ने नीति लिइनेछ । साथै आवश्यकता पहिचानको आधारमा मात्र ट्र्याक ओपनको कार्य अगाडी बढाइनेछ ।

७. गाउँपालिका क्षेत्र भित्रका सडकहरुको चौडाई तथा घुम्ती मोडहरु फराकिलो र स्तरोन्नति गर्न पहल गरिने छ ।

८. हरित र वाताबरण मैत्री सडक निर्माणलाई अगाडी बढाइनेछ ।

९. स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक तथा यातायात सम्बन्धी नीति, कानून, मापदण्ड निर्माण गरी नियमित अनुगमन तथा नियमन गरिनेछ ।

१०. पूर्वाधार निर्माणका काम गर्दा वातावरणको संरक्षण र सन्तुलनलाई गम्भिर ध्यान दिएर मात्र निर्माण कार्य अगाडि बढाइनेछ ।

११. बाढीबाट क्षति भएका पक्की पुल तथा झोलुङ्गे पुल पुनर्निर्माण गर्न सङ्घीय र प्रदेश सरकारसँग पहल गरिनेछ ।

१२. अध्यारोमुक्त मिक्लाजुङ गाउँपालिका बनाउन लागि सडक बत्ती तथा बिद्युत नपुगेका ठाउँमा बैकल्पिक उर्जा कार्यक्रम मार्फत बिद्युत सेवा बिस्तार गरिनेछ ।

१३. सडक सञ्जालले नछोएका वडाहरुमा पक्की सडक पुर्‍याउन प्राथमिकता दिइनेछ ।

## ख. वन तथा शहरी विकास

१. गाउँपालिकको योजना तथा कार्यक्रम सञ्चालन गर्दा नगरविकास योजना राष्ट्रिय भवन संहिता भित्र रहि गरिनेछ । साथै निकट भविष्यमा भू-उपयोग योजना तयार गरी कार्यान्वियन गरिनेछ ।

२. प्रशासनिक कार्यलाई प्रभावकारी बनाउन सबै वडा कार्यालयहरुको भवन निर्माण कार्यलाई संघिय सरकार तथा प्रदेश सरकारको समन्वयमा  अगाडी बढाइनेछ ।

३. गाउँपालिका क्षेत्र भित्र पूर्वाधार विकास सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा महिलामैत्री, वालवालिका मैत्री, अपाङ्ग मैत्री जेष्ठ नागरिक मैत्री र वातावरणमैत्री हुने गरी निर्माण गरिने छ ।

४. फुसको छानामुक्त गाउँपालिका निर्माणका लागि निरन्तरता दिइनेछ ।

## ग. उर्जा तथा सिंचाई

१. "मिक्लाजुङबासीको एक मात्र चाहना स्वच्छ ऊर्जा, समृद्ध र सुखको परिकल्पना" भन्ने नारालाई यथार्थ बनाउन ठोस कार्य गरिने छ ।

२. नवीकरणीय ऊर्जाको क्षेत्रलाई जनमुखी, दिगो र सहभागीतात्मक बनाउन समुदाय, वार्ड र पालिका स्तरमा ऊर्जा योजना बनाउन महिला तथा आमा समूह, कृषक समूह, पछाडी पारिएका र बञ्चीतीकरणमा पारिएका समूहहरुलाई योजना निर्माण प्रक्रियमा सहभागीता गराईने छ ।

३. विद्युत तथा सौर्य ऊर्जा प्रणाली मार्फत सवै घरपरिवार, वस्तीहरु, सार्वजनिक स्थल तथा सडक छेउमा वाहै महिना नियमित रुपमा विद्युत सेवा उपलव्ध गरिने छ ।

४. वडा तथा वस्तीहरुमा केन्द्रीय विद्युत प्रणाली मार्फत विद्युत आपूर्तिको व्यवस्था गरी विद्युत सुविधालाई भरपर्दो र नियमित आपूर्तिको व्यवस्था मिलाइनेछ ।

५. नेपाल सरकारको उज्यालो नपुगेका सवै घरधुरीहरुमा आगामी २ बर्ष भित्र वैकल्पीक माध्यममाबाट उज्यालो पुर्याउने घोषित नीति अनुसार यस पालिका क्षेत्रका अति विपन्न र सीमान्तकृत घरपरिवारहरुमा निःशुल्क सौर्य ऊर्जाको व्यवस्था गरी विद्युत सेवावाट लाभान्वित गराइनेछ ।

६. प्रत्येक वडामा विद्युत विस्तार योजना सञ्चालन गर्ने साथै विद्युत नपुगेको वडा तथा टोलमा सोलार वितरण कार्यलाई थप व्यवस्तिथ बनाउदै निरन्तरता दिईने छ ।

७. घना बस्तीका सडक छेउ, सार्वजनिक स्थल तथा पर्यटकीय क्षेत्रहरुमा सडक बतिm प्रयोग गरिनेछ ।

८. घरघरमा सुधारिएको चुल्हो तथा वायोग्याँस प्रयोगलाई प्राथमिकता दिई खाना पकाउनको लागी दाउरा प्रयोगको अभ्यासलाई न्यूनीकरण गरिनेछ ।धुँवामुक्त सफाभान्साको नारालाई पूर्णता दिन सहयोग गरि धुँवाजन्य रोगको न्यूनीकरण गरिनेछ ।

९. लघु जलविद्युत आयोजनाको निरन्तरता, ब्यवस्थापकिय सुधार र गुणस्तर सुधारकोलागी वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्रसंग समन्वय गरिने छ । सञ्चालनमा रहेका र उपयुक्त ब्यवस्थापन भएका लघु जलविद्युत आयोजनाहरुलाई "दिगो ऊर्जा चुनौती कोष" सँग समन्वय गरि आयोजनाको थप सुधार र सञ्चालनका गर्न प्रोत्साहन गरिने छ ।

१०. नवीकरणीय ऊर्जामा आधारित उद्यमहरू सञ्चालनका लागि व्यावसायिक सम्भाव्यता अध्ययन गरिने ।

११. महिला, विपन्न तथा सिमान्तकृत बर्गहरुको सामाजिक तथा आर्थिक विकास र रोजगारी श्रृजना गर्न ऊर्जामा आधारित हुँने गरी सिपविकासका तालिमहरु सञ्चालन गर्न समन्वय गरिने छ । यस्ता सिपविकास तालिम लिएका उद्यमीहरुलाई ऊर्जाको प्रयोगमा आधारीत ब्यवसाय सञ्चालन गर्न लघुउद्यम कार्यक्रम सँग समन्वय गरी सहयोग गरिने छ ।

१२. ऊर्जामा आधारित बृहद अर्थिक तथा सामाजिक बिकासको लागि कार्यक्रम प्रवद्र्घन गर्न साझेदार सस्थासँग समन्वय गरि योजनालाइ वनाइने छ ।

१३. पालिका क्षेत्रका सरकारी तथा सामुदायिक विद्यालयहरुमा विद्युतीय माध्यमबाट पठनपाठन हुने ब्यवस्था मिलाउन पहल गरिने छ ।

१४. स्थानीय कृषि उत्पादन प्रशोधन, शितभण्डार सञ्चालन तथा कृषि उत्पादन मूल्यश्रृंखला बृद्धि गर्न ऊर्जाको प्रयोगलाई प्रोत्साहन गरिने छ ।

१५. राष्ट्रिय प्रशारण लाईनको बिजुली पुगेको तर विभिन्न कारणले कम भोल्टेज पुगेको र गुणस्तरीय विद्युत आपूर्ती नभएका ठाउँहरुमा गुणस्तरीय विद्युत आपूर्तीकोलागी नेपाल विद्युत प्राधिकरण सँग समन्वय गरी विद्युतको गुणस्तर बढाउन पहल गरिने छ ।

१६. सौर्य लिफ्टीङ प्रविधिवाट खानेपानीको व्यवस्था गर्न वैकल्पिक उर्जा प्रवद्र्धन केन्द्र तथा प्रदेश सरकार संग सहकार्य गरि कार्यक्रमलाई प्राथमिकतामा राखिनेछ ।

१७. नवीकरणीय ऊर्जाको क्षेत्रलाई आवश्यक पर्ने दक्ष जनशक्ती तयार गर्न क्षमता विकास तालिम सञ्चालन गर्न समन्वय गरिने छ र ऊर्जाको लागी आवश्कय दक्ष जनशक्ती निर्माण गरी यो पालिका आत्मानिर्भर बन्न पहल गरिने छ ।

१८. स्वास्थ्य सेवालाई चुस्त र विशेषज्ञ चिकित्सक सेवालाई पहुँचयोग्य बनाउन रवि प्राथमिक स्वास्थ्य केन्द्र मार्फत विद्युतीय माध्यबाट सञ्चालन भैरहेको टेलिमेडिसिन सेवा निरन्तरता दिँदै थप

प्रभावकारी बनाईने छ । यस्ता सेवा लिन आउने विमारीहरुलाई विशेषज्ञ चिकित्सकको सेवा शुल्कमा पालिकाले दिईएको सहयोग यथावत राखिने छ ।

१९. चालु अवस्थाका सिंचाइ आयोजनाहरुको मर्मत सम्भार गर्दै सिंचाई नपुगेका स्थानहरुमा नयाँ सिंचाई योजना सञ्चालन गरी नियमित रुपमा सिंचाइ सुविधा उपलव्ध गराउंदै कृषि उत्पादनमा वृद्धि ल्याइनेछ ।

**१६. राजस्व तथा आन्तरिक श्रोत परिचालन सम्बन्धी नीति तथा कार्यक्रम**

१. आन्तरिक आय व्यवस्थापन, प्राकृतिक स्रोत बिक्रि सम्बन्धी ऐन तथा नियमावली तर्जुमा गरी राजस्व परिचालनलाई थप व्यवस्थित तुल्याइनेछ।

२. गाउँपालिकाको आन्तरिक राजस्व अभिवृद्धिका लागि करका नयाँ सम्भाव्य क्षेत्रहरु पहिचान गरी राजश्व परिचालन अभिवृद्धि गर्न राजश्व सुधार योजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ।

३. कर प्रशासनलाई सूचना प्रविधिमैत्री एवं करदाता मैत्री तुल्याउदै लगिनेछ।

४. गाउँपालिकाको आन्तरिक आय मुख्य स्रोत राजस्व संकलन भएको हुँदा करको दायरामा नपरेका व्यक्ति, संघ, संस्था, व्यवसायलाई करको दायरामा ल्याइनेछ ।

५. आय श्रोत पहिचान र परिचालनका लागि गाउँपालिकाको राजस्व सुधार कार्ययोजना बमोजिम कार्य गरिनेछ ।

६. करको दरलाई वृद्धि गर्ने कार्यको सट्टा करको दायरालाई फराकिलो बनाई नागरिक मैत्री कर नीति बनाइनेछ ।

७. कर प्रणालीलाई सरल सहज र पारदर्शी बनाउन सम्भव भएसम्म घरमै बसी राजस्व तिर्न सक्ने अनलाइन सिस्टमको विकास गरिनेछ ।

८. गाउँपालिका क्षेत्रमा संचालित ब्यवसायहरुलाई करको दायरामा ल्याउन सरकारी कार्यालय तथा विभिन्न निकायहरुले कारोवार गर्दा गाउँपालिकामा ब्यवसाय दर्ता नभए कारोवार नगर्ने/नगराउने नीति अवलम्बन गरिनेछ ।

९. करको दायरामा परी कर तिर्न अटेर गर्नेलाई दण्ड जरिवाना तथा नियमित कर तिर्नेलाई सम्मान तथा पुरस्कृत हुने व्यवस्था मिलाइनेछ ।

**१७. बेरुजु फर्स्योट कार्यलाई प्राथमिकता दिने सम्बन्धमा**

यस गाउँपालिकाको आ.व. ०७४/७५ देखि आ.व. २०८१/८२ सम्मको महालेखा परीक्षकको प्रतिवेदनबाट बेरुजु अंक उच्च रहेको छ। महालेखा परीक्षकको प्रतिवेदनमा उल्लेखित देहाय अनुसारका तिनवटा कानुनी प्रबन्ध र सभा अन्तर्गतको लेखा समिति मार्फत लेखा परीक्षण प्रतिवेदन माथि दफावार छलफल गरी सभा मार्फत आगामी आ.व.मा कायम भएको बेरुजु फस्यौटका लागि म.ले.प.मा बेरुजु समपरीक्षणको लागि अनुरोध गरिनेछ। बेरुजु न्यूनीकरण तथा फछ्यौट गर्न देहाय कानुनहरु निर्माण तथा तर्जुमा र संशोधन मार्फत बेरुजु न्यूनीकरण नीतिका लागि आवश्यक पहल गरिनेछ।

- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,

- लेखा समितिको कार्यसञ्चालन कार्यविधि, २०८१
- बेरुजु फर्स्योट कार्यविधि

**१८. बैदेशिक रोजगारीबाट फर्किएका श्रमिकहरुको सामाजिक तथा आर्थिक पुन: एकीकरणका सम्बन्धमा**

यस गाउँपालिकाबाट बैदेशिक रोजगारीमा जाने श्रमिकहरुको बैदेशिक रोजगारीलाई सुरक्षित र सीपयुक्त बनाउन तथा बैदेशिक रोजगारीबाट फर्किएका श्रमिकहरुको सीप र पूँजीको अधिकमत उपयोग गरी गाउँमा नै व्यवसायिक बनाउन उनिहरुको सामाजिक तथा आर्थिक पुन:एकीकरणका गतिविधिहरुलाई विशेष प्राथमिकतामा राखिनेछ। यसको लागि गाउँपालिकाको श्रम आप्रवासन नीति तत्काल तर्जुमा गरी कार्यान्वयनका लागि आवश्यक प्रकृया अपनाइनेछ।

**१९. भूमिहिन, सुकुम्वासी, अव्यवस्थित बसोबासी, मोही किसान, गुठीका मोही किसान, बिर्ता किसान किसान, महिला किसान  तथा साना किसानका भुमिसँग जोडिएका समस्या समाधानका सम्बन्धमा**

उल्लिखित विषयमा भूमिसम्बन्धी सवालमा कार्य गरिरहेको संस्था "सामुदायिक आत्मनिर्भर सेवा केन्द्र" लाई सहजिकरण तथा समन्वय सहयोगका लागि आवश्यक प्रकृया अपनाइनेछ।

**२०. भूमि बैंक स्थापना गर्ने सम्बन्धमा**

नेपाल सरकारको आगामी आ.व.को बजेटमा स्थानीय तहमा भूमि बैंकको अवधारणा लागु गर्ने सम्बन्धमा आवश्यक कानुनी प्रबन्ध गर्ने र आगामी आ.व.मा कम्तिमा १ सय ओटा स्थानीय तहमा भूमि बैंक स्थापना गर्ने व्यवस्था गरेको छ। यो अवसरलाई यस गाउँपालिकाले प्राप्त गर्नेगरी आफ्नो नीति तथा कार्यक्रममा पनि भूमि बैंक स्थापना गरिने छ । भूमि बैंक स्थापना र सञ्चालन गर्न आवश्यक नीति तथा कानुनी प्रबन्धको लागि गाउँपालिका राष्ट्रिय महासंघलाई सहयोग लागि माग गरिनेछ।